# मंगला गाउँपालिकाको विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०७७

(स्वीकृत मितिः २०७७/०९/०५)

## मंगला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बाबियाचौर, म्याग्दी

# मंगला गाउँपालिकाको विद्यालयहरुको लेखापरीक्षण सम्बन्धि कार्यविधि, २०७७

**प्रस्तावना :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) (ज) मा रहेको विद्यालयको शिक्षा सम्बन्धी काम कर्तव्य र अधिकारलाई कार्यान्वयन गर्न मंगला गाउँपालिकाको , शिक्षा ऐन, २०७५ को दफा ४१ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी मंगला गाउँपालिकाको विद्यालयहरुको लेखापरीक्षण सम्बन्धि कार्यविधि, २०७७ जारी गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यस कार्यविधिको नाम "मंगला गाउँपालिकाको विद्यालयहरुको लेखापरीक्षण सम्बन्धि कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि मंगला गाउँपालिका क्षेत्रभित्र लागू हुनेछ ।

(ग) यो कार्यविधि गाउँ कार्यपालिकाले पारित गरेको मिति २०७७।०९।०५ देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनुपर्दछ ।

(ख) "कार्यविधी" भन्नाले मंगला गाउँपालिकाको विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी कार्यविधी, २०७७ सम्झनु पर्दछ ।

(ग) "गाउँपालिका " भन्नाले मंगला पालिकालाई सम्झनु पर्दछ ।

(घ) "अध्यक्ष" भन्नाले मंगला गाउँपालिकाको अध्यक्ष लाई सम्झनु पर्दछ ।

(ङ) "उपाध्यक्ष" भन्नाले मंगला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मंगला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई लाई सम्झनु पर्दछ ।

(छ) "शिक्षा शाखा" भन्नाले मंगला गाउँपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

(ज) "शिक्षा प्रमूख" भन्नाले मंगला गाउँपालिका शिक्षा शाखा प्रमुख वा सो को कामकाज गर्न तोकिएको अधिकृत कर्मचारी सम्झनु पर्छ ।

(झ) "लेखापरीक्षण" भन्नाले आन्तरिक र अन्तिम लेखापरीक्षण कार्य लाई सम्झनु पर्दछ ।

(ञ) "लेखापरीक्षक" भन्नाले लेखापरीक्षण गर्ने कार्यको लागि नेपाल चार्टड एकाउन्टेन्टस् संस्थामा दर्ता भै प्रमाण पत्र प्राप्त व्यक्ति/संस्था/कम्पनी वा फर्मलाई जनाउँछ ।

## परिच्छेद-२

## लेखापरीक्षक छनोट  सम्बन्धी व्यवस्था

३. गाउँपालिकाले  चालु आर्थिक बर्षको प्रथम चौमासिक भित्रमा मंगला गाउँपालिका अन्तर्गत संचालित सामुदायिक तथा संस्थागत विद्यलायहरुको गत आ.व.को लेखापरीक्षण  गर्नको लागि इच्छुक दर्तावाला लेखापरीक्षकहरुबाट लेखापरीक्षण गर्ने आसयको निबेदन दिनकालागि कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्ने छ ।

४. इच्छुक लेखापरीक्षकले निबेदन सहित  देहायबमोजिमका कागजात  संलग्न  गरी तोकिएको म्याद भित्र निबेदन दिनु पर्ने छ :

क. लेखापरीक्षकको फर्म वा कम्पनी दर्ता र नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि ।

ख. भ्याट वा प्यान दर्ता प्रमाण प्रमाण पत्रको प्रतिलिपी

ख. आन्तरिक राजश्व कार्यालयबाट कर दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

ग. नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

घ. लेखापरीक्षक वहालवाला कर्मचारी भए विभागीय स्वीकृति पत्रको प्रतिलिपि ।

ङ. कालो सूचिमा नपरेको स्वयं घोषणको पत्र

च. गाउँपालिकाले तोकेको बमोजिमको दर्खास्त दस्तुर

५. गाउँपालिकाले प्राप्त निबेदन जाँचबुझ गरी योग्य ठहरिएका लेखा परीक्षकहरुको सूचि गाउँपालिकाको बेबसाइट मार्फत सार्वजनिक गर्नू पर्ने छ ।

६. **लेखापरीक्षक छनोट तथा जिम्मेवारी** :  (१).सम्बन्धित विद्यालयले गाउँपालिकाबाट प्रकाशित सूचि बमोजिमका लेखा परीक्षकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिको निर्णय सहित ३ जनाको नाम सिफारिश गरि तोकिएको समयावधी भित्र  गाउँपालिकाको  शिक्षा शाखामा  पठाउनुपर्नेछ ।

(२) विद्यालयबाट प्राप्त नामावलीमा उल्लेखित लेखापरीक्षकहरु मध्येबाट कार्यविधिको दफा ६ बमोजिमको समितिले छनोट गरी प्रमूख प्रशासकिय अधिकृतले विद्यालय तोकी लेखा परीक्षक खटाउनु पर्ने छ  ।

(३) कार्यविधिको दफा ७ उपदफा उपदफा( १) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयले सिफारीस गरेको वा नगरेको लेखा परीक्षक मध्ये गाउँपालिकाले उपयुक्त ठानेको जुनसुकै लेखा परीक्षलाई खटाउन बाधा पर्ने छैन ।

## परिच्छेद-३

## लेखापरीक्षक छनौट समिति

७. लेखापरीक्षक छनौट समिति देहाय बमोजिम हुनेछ :

संयोजक - प्रमुख प्रशासकीय अधिकृत,

सदस्य - लेखा  प्रमूख

सदस्य सचिव - शिक्षा शाखा प्रमुख

(यस गाउँपालिकामा  आन्तरिक लेखा परिक्षण शाखा गठन भएपछि आन्तरिक लेखा परिक्षण शाखा प्रमुख समेत  सदस्य सदस्य रहने ।)

८. कार्यविधिको दफा ६ बमोजिम लेखापरीक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

क) विद्यालय बाट सिफारिस भै आएका लेखापरीक्षकहरुको विबरण तयार गर्ने

ख) लेखा परीक्षकले पालना गर्नू पर्ने सर्त तथा बन्देजहरु तयार गर्ने

ग) बिद्यालयबाट सिफारिस भै आएका लेखा परीक्षकहरुको सूचि मध्येबाट लेखापरीक्षकहरुको

नियुक्ति  गरी सम्बन्धीत लेखा परीक्षक र विद्यालयलाई जनाकारी गराउने ।

घ) लेखापरीक्षको नियुक्ति गर्दा गत विगतमा समेत लेखा परीक्षण गरेका  लेखापरीक्षकहरु भएमा निजहरुले विगतमा प्रतिबेदन बुझाय नबुझाएको , तोकिएको सर्त बन्देज र मापदण्ड पालना गरे नगरेको तोकिएकै समयमा कार्य सम्पन्न गरे नगरेको कुरा समेतलाई आधार लिने ,

ङ) लेखापरीक्षण सम्बन्धमा आइपरेका समस्या उपर लेखापरीक्षण छनौट समितिको बैठक बसी आवश्यक निर्णय गर्ने,

च) विद्यालयहरुको एक आर्थिक बर्षमा कम्तिमा १ पटक स्थलगत अध्ययन गरी लेखा ब्यबस्थापन एवं लेखा परीक्षण सम्बन्धमा अनुगमन निरीक्षण गरी गाउँपालिकामा प्रतिबेदन पेश गर्ने

छ) सामुदायिक विद्यालयहरुको  लेखापरीक्षण प्रतिवेदन उपर अध्ययन गरी वेरुजु सम्परीक्षण गर्न/गराउन सहजीकरण एवं निर्देशन दिने,

ज) तोकिएको अबधि भित्र विद्यालयहरुबाट लेखापरीक्षकको नाम सिफारिस भै नआएमा गाउँपालिको सूचिमा रहेका लेखा परीक्षकहरु मध्येबाट छनोट गरी खटाउने,

झ). संस्थागत विद्यालयबाट  कम्तीमा ३ जना लेखापरीक्षकको नाम सिफारिस गरी माग गर्ने र लेखापरीक्षक नियुक्ति गर्ने,

ञ) गाउँपालिकाले तोकेबमोजिमका लेखापरीक्षण सम्बन्धी अन्य कार्य गर्ने,

९. दफा ६ बमोजिम लेखापरीक्षण छनौट समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतबाट लेखापरीक्षकलाई नियुक्ति  दिइने छ ।

## परिच्छेद-४

## लेखापरीक्षक पारिश्रमिक

१०. **लेखा परीक्षण पारीश्रमिक :** (१)लेखापरीक्षण पारीश्रमिक गाउँ गाउँशिक्षा समितिले तोके बमोजिम विद्यालय श्रोतबात बिद्यालयले नै  भुक्तानी दिनु पर्ने छ । गाउँ शिक्षा समितिले नतोकिदिएको अबस्थामा सम्बन्धित विद्यालयवाट देहाय बमोजिमको पारिश्रमिक दिनु पर्नेछ ।

क) आधारभूत तह कक्षा १–५ संचालित विद्यालयहरको हकमा १ एक आ.व.को रु ५०००।

ख) आधारभूत तह कक्षा १–८ संचालित विद्यालयको हकमा रु रु.२०,००,०००।- (बीस लाख) सम्म को रु. ५,०००।- र त्यस पछिको रकममा सयकडा २५ पैसा

ख. माध्यमिक विद्यलायको हकमा जतिसुकै रकम भएपनि कारोवार रकमको सयकडा २५ पैसाका दरले ।

ग. उक्त पारिश्रमिक रकममा आयकर नियमानुसार कट्टी गरी विद्यालयले भुक्तानी गर्नु पर्ने छ ।

घ. संस्थागत विद्यालयको हकमा विद्यालय र लेखापरीक्षकको आपसी समझदारीमा पारीश्रमिक तय हुने छ ।

ङ) विद्यालयहरुले गाउँपालिकाले तोकेको रकम भन्दा बढि पारिश्रमिक दिन पाउने छैन ।

(२) माथि उल्लेखित रकम भन्दा बढी रकम विद्यालयमा लेखापरीक्षकबाट दावी गर्न पाइने छैन । लेखा परीक्षकले नियमानुसार हुन आउने रकम भन्दा बढी माग गरेमा सम्बन्धित विद्यालयले रकम भुक्तानी नगरी तुरुन्त गाउँपालिकामा जानकारी गराउनुपर्नेछ । उक्त लेखापरीक्षको नियुक्ति रद्द गर्नेछ ।

## परिच्छेद-५

## आन्तरिक लेखापरीक्षण

११. प्रत्येक वर्षमा मंगला गाउँपालिकाका सामुदायिक विद्यालयको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखाबाट हुनेछ । सामान्यतया चौमासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धीत विद्यालय र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

१२. आन्तरिक लेखापरीक्षण वापतको पारिश्रमिक लिन ⁄दिन पाइने छैन ।

## परिच्छेद-६

## लेखापरीक्षण प्रतिवेदन उपर कारवाही

१३. लेखा परीक्षकले दिएको लेखापरीक्षण प्रतिवेदन स्तरीय र सन्तोषजनक नभएको भनि बिद्यालयका सरोकारवालाहरुले प्रमूख प्रशासकिय अधिकृत समक्ष निबेदन दिएमा प्रमुख प्रशासकीय अधिकृतले सोको जानकारी महालेखा परीक्षकको कार्यालय समक्ष पुष्ट्याई सहित पठाउनु पर्नेछ । उक्त लेखापरीक्षण प्रतिवेदन उपर महालेखा परीक्षकको कार्यालय बाट प्राप्त निर्देशन वा सुझावको कार्यान्वयन गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

## परिच्छेद-७

## वेरुजु र सम्परीक्षण

१४. आन्तरीक र अन्तिम लेखापरीक्षण बाट कायम भएका बेरुजुको प्रमाण पेश वा नियमित गरी⁄ गराई वा अशुल उपर गरी⁄गराई फछ्र्यौट गर्ने दायित्व अधिकार सम्बन्धित विद्यलायको हुनेछ ।

१५.. बेरुजु फछ्र्यौट गरी सम्परीक्षण गराउने दायित्व भएको अधिकार प्राप्त अधिकारी वा कर्मचारी सरुवा बढुवा वा अवकास भई कार्यालय छाड्नु पर्दा निजले फछ्र्यौट गर्न बाँकी रहको बेरुजु लगत तथा कारोबार सम्बन्धी कारबाहीको सम्पूर्ण विवरण खोली वहालवाला जिम्मेवार प्राप्त अधिकारीलाई वुझाउनु पर्नेछ । जिम्मेवार प्राप्त अधिकारीले उपर्युक्त बमोजिम बुझिलिई बेरुजु फछ्र्योट गर्नु गराउनु पर्नेछ ।

**परिच्छेद-८**

**विविध**

१६. एउटै लेखापरीक्षकलाई एउटै विद्यालयमा लगातार दुई पटक भन्दा बढी नियुक्ति गर्न पाइने छैन ।

१७. गाउँपालिकाले खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु सम्बन्धित विद्यालयको कर्तब्य हुनेछ ।

१८. गाउँपालिकाबाट खटाईएको लेखापरीक्षकबाट लेखापरीक्षण नगराएमा उक्त विद्यालयको निकासा गाउँपालिकाले रोक्का गर्न सक्नेछ ।

१९. लेखापरीक्षकले नियुक्ति बुझेको ७ दिन भित्रमा तोकिएको विद्यालयमा पुगी विद्यालय व्यबस्थापन समितिको रोहबरमा विद्यालयको लेखापरीक्षण गर्नु पर्ने छ । विद्यालयमा पुगि लेखा परीक्षण गर्न सम्भव नभएमा विद्यालयको परामर्शमा गाउँपालिकाले तोकेको स्थानमा पुगि लेखा परीक्षण गर्नु पर्ने छ । त्यसरी गाउँपालिका क्षेत्र भन्दा बाहिर गै लेखापरीक्षण गरे गराएको पाइएमा त्यस्तो लेखा परीक्षणलाई मान्यता दिइने छैन ।

२० लेखा परीक्षकले तोकिएको अबधिमा नियुक्ति नबुझेमा वा बुझेर पनि विद्यलायको लेखा परीक्षण तोकिएको समयमा सम्पन्न नगरेमा त्यस्तो लेखापरीक्षकको नियुक्ति रद्ध गरीने छ र सो को सट्टामा अर्को लेखा परीक्षक खटाइने छ ।

२१. विद्यलायको लेखापरीक्षण गरी गाउँपालिकामा १ प्रति प्रतिबेदन लेखापरीक्षक स्वयंले बुझाउनु पर्ने छ । विद्यालय र गाउँपालिकामा प्रतिबेदन प्राप्त भए पश्चात गाउँपालिकाको सिफारिसमा विद्यालयले लेखापरीक्षण पारीश्रमिक भुक्तानी गर्नु पर्ने छ । लेखा परीक्षण गरी प्रतिबेदन नबुझाउने लेखापरीक्षकलाई गाउँपालिकाले कालो सूचिमा राख्ने छ ।

२२. थपघट, व्याख्या वा हेरफेर : (१) यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्नसक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषय अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।